nepalpostdaily.com

# नेपाल पोष्ट डेली

दैनिक

29°C । वर्ष : ११, अंक : ०४ पृष्ठ ४ । बिहीबार,०५ भदौ २०८२ । THURSDAY, AUGUST 21, 2025.nepalpostdaily .com । मुल्य ५ रुपैया

## आलम सफाइ प्रकरण: कानुनमन्त्री चौरसियाको भूमिका शंकास्पद

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०४ भदौ ।***



रौतहटको राजपुरमा भएको विस्फोट प्रकरणमा मुछिएका नेपाली कांग्रेसका पूर्वसांसद मोहम्मद आफ्ताव आलमलाई सफाइ दिलाउन कानुनमन्त्री अजयकुमार चौरसियाको भूमिका शंकास्पद रहेको खुलासा भएको छ । न्यायपरिषद्‌ले सर्वोच्च अदालतका न्यायाधीश विनोद शर्माको एक सदस्यीय समिति बनाएर उक्त घटनाको छानबिन गरिरहेको थियो । छानबिन क्रममा प्राप्त विवरणहरूले कानुनमन्त्री चौरसियाको हस्तक्षेपको संकेत देखाएको छ । १४ जेठ २०८२ मा उच्च अदालत बीरगन्जका न्यायाधीशहरू डा.खुसीप्रसाद थारू र अर्जुन महर्जनको इजलासले ज्यान मुद्दाको आरोपबाट आलमलाई सफाइ दिएको थियो । न्यायपरिषद् सम्बद्ध स्रोतका अनुसार, फैसलापछि कानुनमन्त्री चौरसियाले रौतहटका प्रमुख डा । मोहम्मद राजिक आलम (आलमका छोरा) लाई फोन गरेका थिए । यसले आलमलाई सफाइ दिलाउने प्रक्रियामा न्यायपालिकामा प्रत्यक्ष हस्तक्षेप गरेको आशंका थपेको छ । स्वतन्त्र सांसद अमरेशकुमार सिंहले प्रतिनिधिसभामा यसबारे प्रश्न उठाएका थिए भने कानुन व्यवसायीहरूले न्यायाधीश थारू र कानुनमन्त्री चौरसियाको कल डिटेल रेकर्ड छानबिन गर्न माग गरेका थिए । त्यसपछि चौरसियाले कांग्रेस सभापति शेरबहादुर देउवाका स्वकीय सचिव भानु देउवालाई फोन गरेका थिए । न्यायपरिषद्‌को छानबिन समितिमा पेश भएका अभिलेख अनुसार, उनीहरू बीचको कुरा २२ सेकेन्ड लामो थियो । उच्च सरकारी वकिल कार्यालय, वीरगञ्जका

बाँकी तेश्रो पृष्ठमा

## बीरगन्ज महानगरले सरकारी शिक्षकलाई अन्यत्र काम नगर्न चेतावनी

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०४ भदौ ।***




बीरगन्ज महानगरपालिकाले मातहतका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूले आफ्नो विद्यालय बाहेक अन्य विद्यालयमा काम गरेको पाइए कठोर कारबाही गरिने चेतावनी दिएको छ । महानगरका सामुदायिक विद्यालयमा शिक्षकहरूले नियमित उपस्थिती नदिँदा र अन्य विद्यालयमा पनि काम गर्दा पठनपाठनमा असर परेको महानगरपालिकाले जनाएको छ । शैक्षिक प्रशासन महाशाखा प्रमुख आनन्द लामिछानेले जारी गरेको सूचनामा भनिएको छ, "सामुदायिक विद्यालयका शिक्षकहरूले व्यवस्थापन समिति र स्थानीय तहको स्वीकृति नलिई अन्यत्र काम गर्ने र आफ्नो विद्यालयको पठनपाठनमा अनियमित हुने कार्य आइन्दा नगर्न नगराउनु हुन अनुरोध छ । शिक्षा नियमावली, २०५९ को नियम १३३(ज) र वीरगन्ज महानगरपालिकाको शिक्षा नियमावली, २०७४ को नियम १०४(ज) अनुसार शिक्षकहरूले आचार संहिता पालना गर्न अनिवार्य छ ।" सूचनामा शिक्षकहरूले आफ्नै विद्यालय बाहेक अन्यत्र काम

बाँकी तेश्रो पृष्ठमा

## नारायणी अस्पतालमा १ करोड ३७ लाखमा नयाँ स्टोर भवनको शिलान्यास

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०४ भदौ ।***



बीरगन्जको नारायणी अस्पतालमा स्टोर शाखाको नयाँ भवन निर्माण कार्य सुरु भएको छ । बुधबार अस्पताल विकास समितिका अध्यक्ष धिरजकुमार गुप्ताले भवनको शिलान्यास गरेका छन् । अस्पतालको महेन्द्र आरोग्य भवन पछाडि, शव पोष्टमार्टम गृह नजिक रहेको १० धुर जग्गामा दुई तल्ले स्टोर भवन निर्माण थालिएको हो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पठाएको १ करोड ३७ लाख रुपैयाँ लागतमा निर्माण कार्य सुरु भएको अध्यक्ष गुप्ताले जानकारी दिए । निर्माण कम्पनीसँग अस्पतालले ६ महिनाभित्र निर्माण सम्पन्न गर्ने सम्झौता गरेको छ । हाल स्टोर शाखा महेन्द्र आरोग्य भवनको पुरानो जीर्ण भवनमा सञ्चालन हुँदै आएको र यसले खरिद गरिएका उपकरण, औषधि, सामग्री र रसायन व्यवस्थित रूपमा भण्डारण हुन नसकेको गुनासो अस्पतालले गरेको छ । शिलान्यास कार्यक्रममा अस्पतालका मेसु डा. चुमनलाल दास, सूचना अधिकारी डा. उदयनारायण सिंह, प्रशासन प्रमुख हृदेश नारायण पर्वत, लेखा शाखा प्रमुख अवधकिशोर चौधरी लगायतको उपस्थिती थियो ।

## कोल्हबीमा बन्ने जिल्लाकै नमूना र सुविधासम्पन्न हाटबजार

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०४ भदौ ।***



बाराको कोल्हबीमा अत्याधुनिक र व्यवस्थित हाटबजार निर्माणको काम अन्तिम चरणमा पुगेको छ । साईट ईन्चार्ज दिनेश खनालका अनुसार, हाटबजारको निर्माण ९५ प्रतिशत सम्पन्न भइसकेको छ र बाँकी ५ प्रतिशत काम पनि केही दिनमै पूरा हुने अनुमान गरिएको छ । कोल्हबीको मुख्य चोकमा बनिरहेको यस हाटबजारमा ३ विघा क्षेत्रफलमा ७ वटा ब्लक रहेका छन् । हरेक ब्लकमा फरक-फरक प्रकारका विक्री कक्ष, ७२ सटर भएको ३ वटा सपिङ कमप्लेक्स, २६ सटर भएको २ वटा बिल्डिंग र दुई खुद्रा बजारको सेड रहेका छन् । बजारको बीचमा खुल्ला स्थानमा हाट सञ्चालन हुने व्यवस्था गरिएको छ । कोल्हबी नगरपालिकाका मेयर राम प्रसाद चौधरीले बताएअनुसार, लामो समयसम्म असुरक्षित र सघन अवस्थामा व्यवसाय गर्दै आएका व्यवसायीहरुलाई व्यवस्थित रूपमा बजार उपलब्ध गराउने उद्देश्यले यो परियोजना थालिएको हो । "हाटबजार सञ्चालनमा आएपछि व्यवसायीको स्वास्थ्यमा असर नपर्नेछ र कृषकले उत्पादन गरेका तरकारी तथा फलफूलले बजार पाउनेछन् । यो नगरपालिकाको गौरवको आयोजना मध्यको एक हो," मेयर चौधरीले भने । हाटबजार निर्माणका लागि कुल १८ करोड रुपैयाँ बजेट विनियोजन गरिएको थियो । नगरपालिकाका ईन्जिनियर गणेश प्रसाद चौधरीका अनुसार, पर्खाल, अण्डरपास नाला, सडक स्तरोन्नति, इन्टरलक टायल, शौचालय, व्यवस्थित पार्किंग र विश्रामस्थल निर्माण भइसकेको छ । साथै, बजारमा मूल्य सूचिसहित डिसप्ले बोर्ड पनि राखिने छ । आउँदो असोज महिनाबाट सञ्चालनमा

बाँकी तेश्रो पृष्ठमा

## बीरगन्जमा ब्रहमाकुमारी राजयोग सेवा केन्द्रद्धारा बृहत् रक्तदान कार्यक्रम

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०४ भदौ ।***



प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयले आयोजना गर्ने ग्लोबल मेगा रक्तदान अभियान अन्तर्गत वीरगन्जमा पनि ठूलो रक्तदान कार्यक्रम आयोजना हुने भएको छ । यस अभियानको उद्देश्य सिर्फ १०० घण्टामा १ लाख पिन्ट रगत संकलन गर्नु रहेको छ । अभियान भदौ ६ देखि ९ गतेसम्म नेपाल र भारतका विभिन्न स्थानहरूमा सञ्चालन हुनेछ । वीरगन्जमा भने भदौ ७ गते बीरगन्ज-२ स्थित विश्वदर्शन भवन परिसरमा कार्यक्रम आयोजना गरिनेछ । यस कार्यक्रममा करिब ५ सय पिन्ट रगत संकलन गर्ने लक्ष्य राखिएको छ । त्यसैगरी, अभियान अन्तर्गत बाराको सिमरा र बरियारपुर, कलैया, कोल्हबी, रौतहटको चन्द्रनिगाहपुर र गौरमा पनि रक्तदान कार्यक्रमहरू सञ्चालन हुनेछन् । पत्रकार सम्मेलनमा ब्रह्माकुमारी राजयोग सेवा केन्द्रकी क्षेत्रीय सञ्चालिका रविना दिदीले नेपालमा मात्र ३५ हजार पिन्ट रगत संकलन गर्ने लक्ष्य रहेको जानकारी दिइन् । कार्यक्रममा वरिष्ठ

बाँकी तेश्रो पृष्ठमा

## बारामा लागुऔषधसहित महिला पक्राउ

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०४ भदौ ।***

बारामा प्रहरीले ब्राउन सुगरसहित एक महिलालाई पक्राउ गरेको छ । फेटा गाउँपालिका-१ त्रिवेणी टोलकी करिब ४० वर्षीया पार्वती महतो मंगलबार पक्राउ परेकी हुन् । विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय प्रसौनीका प्रहरी नायब निरीक्षक रामकिशुन यादवको नेतृत्वमा खटिएको टोलीले महतोको घरमा खानतलासी गर्दा १० ग्राम १६० मिलिग्राम ब्राउन सुगर बरामद गरिएको जिल्ला प्रहरी प्रमुख एसपी सन्तोष कुमार तामाङले जानकारी दिए । लागुऔषध कपडाको झोलामा राखिएको सानो प्लाष्टिकको बट्टाभित्र लुकाइएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । पक्राउ परेकी महिलामाथि थप अनुसन्धान

बाँकी तेश्रो पृष्ठमा

## परवानीपुरमा आगलागी

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०४ भदौ ।***

बीरगन्ज महानगरपालिका-२१, परवानीपुर स्थित निभासा इन्डष्ट्रिज प्रा.लि.मा आगलागी भएको छ । आज बिहान करिब ९:४५ बजे उद्योगको भुइँतल्लामा अचानक विद्युत् सर्ट भएर आगो लागेको प्रहरीले जनाएको छ । आगलागीबाट उद्योगमा रहेका महत्त्वपूर्ण मेसिनरी र उपकरणहरू जलेर नष्ट भएका छन् । प्रारम्भिक विवरण अनुसार ३२ लाखको हिट ट्रान्सफर्मर मेसिन, २ लाख २० हजारको सर्भो स्टेबलाइजर, ३ लाखको रोलिङ मेसिन र २ लाखको वाइरिङ पार्ट्स जलेर नष्ट भएका

बाँकी तेश्रो पृष्ठमा


### जग्गा खरिद गर्दा ध्यान दिनुपर्ने कुराहरु:

- बिक्रेता वास्तविक हो/होईन, निजको हक भोग छ/छैन प्रष्ट होऔं,
- कित्ताको मोठ श्रेस्ता, फोटो र तीनपुस्ते ठिक भए नभएको एकिन गरौं,
- कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा झगडा भए/नभएको बारेमा प्रष्ट होऔं,
- जग्गा र नक्सामा बाटो छ/छैन एकिन गरौं,
- जग्गाको हकभोग अनुसार आकार प्रकार मिले/नमिलेको एकिन गरौं,
- जग्गा रैकर वा गुठी के हो प्रष्ट होऔं,
- जग्गामा मोही भए/नभएको प्रष्ट होऔं,
- लालपूर्जा, जमिन र नक्साको क्षेत्रफल मिल्छ/मिल्दैन एकीन गरौं,
- सिमानामा विवाद भए/नभएको साँध संधियारबाट बुझौं,
- नक्सा बमोजिमको जमिनमा चारैतर्फ सिमाना एकीन गर्न रेखाङ्कन गराएर मात्र खरिद बिक्री गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## नेपाल पोष्ट डेलीका लागि

| | |
|---|---|
| प्रकाशक | :- नेपाल पोष्ट मिडिया प्रा.लि. |
| सम्पादक | :- मनोज पटेल |
| कार्यकारी सम्पादक | :- संतोष साह |
| सहसम्पादक | :- सरोज पटेल |
| सम्पर्क कार्यालय | :- वीरगन्ज महानगरपालिका पर्सा,नेपाल |
| मुद्रक | :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा |

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

### दुई तिहाइको दुरुपयोग नगर

नेपालको शासन-प्रशासन कसरी चलिरहेको छ भन्ने ज्वलन्त उदाहरण हो- मंगलबार दिनभर चलेको राजनीतिक सरगर्मी । सोमबार राति सुतेका नागरिकले बिहान नउठ्दै उपसभामुख हटाउने प्रयास भएको खबर सुने । प्रतिनिधि सभामा दुई तिहाइ बहुमत पुऱ्याउने प्रयासमा नेपाली कांग्रेस र नेकपा एमाले दिनभर लागे । आफ्ना दलका सांसदको हस्ताक्षर संकलन गरे । अन्य दलसँग संवाद गरेर उपसभामुख हटाउने प्रयासमा साथ दिन आग्रह गरे । तथापि बेलुकीसम्म उपसभामुखलाई हटाउने प्रस्ताव औपचारिक रूपमा संसद्मा दर्ता भएन । राज्यका कुनै पनि निकायमा रहेका व्यक्तिको व्यवहार पदअनुकूल हुनुपर्छ । अन्यथा, कारबाही भोग्नुपर्ने संवैधानिक व्यवस्था छ । उपसभामुखको हकमा पनि यो लागू नहुने करै भएन । तर उपसभामुखले के गल्ती गरिन् ? यसबारे छलफल नै भएको छैन । उनको व्यवहार पदमा रहन योग्य देखिएन भन्ने कसले पुष्टि गऱ्यो ? जवाफ छैन । एकाएक पदबाट हटाउन भनेर संसद्का दुई दलका सांसदले खाली कागजमा हस्ताक्षर गरे । अझ रोचक त के छ भने खाली कागजमा हस्ताक्षर गरेकाहरू उपसभामुख हटाउन लागेका छौं भनेर सार्वजनिक रूपमा भनिरहेका छैनन् । नेपालले अवलम्बन गरेको शासन व्यवस्था यस्तै हो त ? प्रश्न उब्जिएको छ । लोकतन्त्र भनेको जनताका प्रतिनिधिले जनताको मतअनुसार शासन गर्ने व्यवस्था हो । यदि यही व्यवस्थाको अभ्यास गरिरहेको हो भने उपसभाखुलाई हटाउने कि नहटाउने भनेर समाजमा बहस हुन आवश्यक छैन ? जनताको राय लिन आवश्यक छैन ? उनको व्यवहार पद अनुकूल रहे नरहेको सम्बन्धमा नागरिक अभिमतको कुनै स्थान छैन ? छैन भने जनताद्वारा जनतालाई गरिने शासन व्यवस्थाको मर्म कहाँ भेटियो ? यसको जवाफ सरकार हाकिँरहेका कांग्रेस र एमालेले दिनुपर्छ । यी दुई संसदका सबैभन्दा दुई ठुला दल हुन् । यिनले सरकार बनाउँदा गरेका बाचा पूरा गर्न उपसभामुख बाधक भइन् कि ! त्यो हो भने कहाँ हो ? कसरी हो ? जनताले थाहा पाउनुपर्छ । शासकले सनकका भरमा निर्णय गर्ने व्यवस्था होइन । यो हेक्का राख्न आवश्यक छ । १७ असार २०८१ मा संयुक्त सरकार बनाउनेगरी कांग्रेस र एमालेले सातबुँदे समझदारी गरेका थिए । सो समझदारीमा संविधानको समीक्षा गरेर आवश्यकताअनुसार संशोधन गर्ने भनिएको छ । संविधानमै पनि १० वर्षमा संविधानको समीक्षा गर्ने भनिएको छ । २०७ सालमा बनेको संविधानको समीक्षा गर्ने प्रतिबद्धताको खै कार्यान्वयन ? संविधान संशोधन गर्ने बाचा खोइ लागू भएको ? संविधान संशोधनका लागि दुई तिहाइ बहुमत चाहिन्छ । समयानुकूल संविधान संशोधन गर्नमा दुई तिहाइ मतको सदुपयोग हुन सक्छ ।

# आकांक्षी मधेशीको सन्ताप

**सीके लाल**



कुनै बेला एमाले त कुनै बेला माओवादीमा रहँदै कम्युनिस्टहरूको झोले भएर हिँडिरहेका उपेन्द्र यादव एक्कासि मधेशी जनअधिकार फोरमको अगुवा भएर उदाएको केही समयभित्र राष्ट्रिय राजनीतिको प्रमुख खेलाडीका रूपमा स्थापित भएका थिए । गणतान्त्रिक नेपालको पहिलो राष्ट्रपति निर्वाचनमा उनको दल निर्णायक बन्न पुगेको थियो ।आजभोलि उनको राजनीतिक प्रासंगिकता खुम्चिएर भाषणबाजीमा सीमित हुन पुगेको छ । आरोपीमाथि अनुसन्धान गर्न सर्वोच्च अदालतको परमादेशलाई अर्थ्याउने पत्रकारहरूलाई भिडन्त र हत्याकाण्डबीच फरक थाहा नभएको होइन । समाचारलाई हतियारका रूपमा प्रयोग गरेर यादवलाई तिनको औकात देखाउनेहरूको भीडमा भने हर्षको माहोल छ । मधेश स्वराजको मुद्दा उठाउने सीके राउत मुहम्मद अली जिन्ना र भीमराव अम्बेडकर शैलीको नीलो सुटमा ठाँट्टिएर बुद्ध, महात्मा गान्धी र नेल्सन मन्डेलाको उदाहरण दिँदै अपरिग्रह, संघर्ष एवं अदम्य इच्छाशक्तिको कुरा गर्ने गर्दथे । अब भने ओशोपथ अँगालेर बुद्धत्वको खोजी गरिरहेका छन् । गान्धीजस्तै सुटबाट धोतीमा नओर्लिए पनि पाइजामा-कुर्तामा सज्जिन रुचाउँछन् र मन्डेलाको मेलमिलापको राजनीतिको साटो आत्मसमर्पण गरेर आफ्नो दललाई आसेपासे तथा परिवारका सदस्यहरूको राजनीतिक उद्यम बनाउन उद्यत छन् । तेस्रो मधेश विद्रोहताका सौम्य र मृदुभाषी स्वभावका देवेन्द्र यादव संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको अभियन्ता भएर स्विट्जरल्यान्डको जेनेभामा रहेको संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालयसम्म पुगेका थिए । उनीमाथि लगाइएको आरोप राजनीतिक प्रकृतिको पनि हुन सक्दछ । अहिले भने उनलाई कांग्रेसको सदस्यता प्राप्त गरेर एक दिनभित्रै खारेजीमा पर्ने हैसियतमा झर्नुपरेको छ । 'बाँचे केके देखिन्छ' भन्ने आहान छ । तर कुरा व्यक्ति वा समयको नभएर स्थान र परिस्थितिको हो । अधीनस्थ समुदायका अधिकांश व्यक्तिहरू राज्यसत्तामा भागीदार हुने सपना गहिरो निद्रामा भएका बेला मात्रै देख्छन् । ब्युँझिएपछि तिनलाई लाग्दो हो– 'अफसोच, म पनि वर्चस्वशाली समुदायमा जन्मिएको भए जागा आँखाले सपना देख्न पाउने थिएँ !' अनिँदो बनाउने सपना नैं महत्त्वाकांक्षा हो । केही व्यक्तिहरूमा अदम्य महत्त्वाकांक्षा जन्मजात गुणका रूपमा रहेको हुन्छ भन्ने मान्यतासँग तर्क गर्न कठिन छ । मानव समाजको विकासमा आकस्मिकता र संयोगको भूमिकालाई इन्कार गर्न सकिँदैन । सामान्य तथ्य के हो भने जसरी भए पनि गुच्चा, गट्टा वा डन्डीबियो खेलमा विश्व विजेता बन्ने दृढता भएका बच्चाहरू पनि कालान्तरमा आफ्नो लक्ष्य परिवर्तन गर्ने गर्दछन् । उपयुक्त सामाजिक वातावरण, सक्षम आर्थिक परिस्थिति एवं अनुकूल सांस्कृतिक परिवेशले गर्दा अत्यन्त थोरै होनहार युवाहरूमा जीवनमा भुइँमा घिस्रिने, फटाफट हिँड्ने, बेतोड दगुर्ने वा सिँढी चढेर उक्लिनेभन्दा पनि मुक्त आकाशमा उड्ने इच्छाशक्तिको प्वाँख पलाउने रहेछ । सबै वर्चस्वशाली युवाका लागि समान अवसर उपलब्ध नभए पनि लागि परेर खोज्नेले जीवनमा आफ्नो पृष्ठभूमिभन्दा माथि उक्लिने लिस्नोसमेत फेला नपार्ने खसआर्य समुदायका व्यक्ति कमै मात्र हुन्छन् । सिद्धान्ततः प्रजातान्त्रिक व्यवस्थाले अधीनस्थ अवस्थाको अन्त गर्नुपर्ने हो । व्यावहारिक रूपमा भने बहुसंख्यकवादले अर्थराजनीतिमा वर्चस्वशाली समुदायको जकडाइलाई होलो हुन नदिने रहेछ । नेपालका अधीनस्थ समुदायहरूमध्ये प्रायः जनजाति अभियन्ताले खसआर्य वर्चस्वको अर्थराजनीतिभित्र आफ्नो सीमितता ठम्याइसकेका छन् । सन् १९७९ तिर राजा वीरेन्द्रले उनलाई रक्षामन्त्री पदमा नियुक्त गरेपछि मगरहरूमध्ये कद्दावर सख्सियत (टावरिङ पर्सनैलिटी) बनाउन सफल बालाराम घर्तीमगरको सन्तुष्ट प्रतिक्रिया के थियो भने जर्नेल पदमा रहेका शाही नातेदारहरूले पनि अब उनलाई सलुट ठोक्नुपर्ने छ । नेकपा एमालेका उपाध्यक्ष तथा संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङ आफ्नो राजनीतिक क्षमतालाई पार्टीका अध्यक्षबाट पाएको आशिषभन्दा बढी दाबी गर्ने महत्त्वाकांक्षामा कहिल्यै परिणत हुन दिएनन् । अहिले पनि लिम्बूहरूका उदाउँदो राजनीतिकर्मी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) अध्यक्ष राजेन्द्र लिङ्देन शाही मन्त्रिमण्डलका अन्तिम अध्यक्ष ज्ञानेन्द्र शाहसँग दर्शनभेट पाएपछि दङदास भएर थप ऊर्जाका साथ राजावादी राजनीतिमा सक्रिय हुन्छन् । मधेशी राजनीतिकर्मीहरू भने क्षमताभन्दा बढी महत्वाकांक्षा राख्छन्, आफ्ना सीमितता बुझ्दैनन्, पर्याप्त पूर्वतयारीबेगर प्रतिस्पर्धामा उत्रिन्छन् र नृजातीय यथार्थको कठोर धरातलमा बजारिएरपछि पुनः संघर्षको संयम देखाउनुको साटो अपमानजनक सम्झौता स्वीकार गरेर आफ्नो राजनीतिक पुँजी गुमाउँछन् । देवेन्द्र यादव पनि ओत खोज्न कांग्रेसको शरणमा पुगेका थिए । उनले पनि औकातमा बस्ने पाठ पाएका छन् । राजनीतिक अन्यकरण भनेको सत्तासीन सांस्कृतिक समूहले 'हामी' र फरक पहिचानलाई 'अरू' भनेर छुट्याउने र होच्याउने प्रक्रिया हो । मधेश मुद्दाप्रति प्रतिबद्ध राजनीतिकर्मीहरूमा दूरदृष्टि एवं संयमको अभावले गर्दा अन्यकरण अभियानको दुष्प्रभावबाट मुक्त हुन जत्तिसुकै प्रयत्न गरे पनि मधेशीहरूको अवस्थामा तत्काल परिवर्तन हुन सहज देखिँदैन । मधेश प्रदेशको विद्यमान परिस्थितिलाई सांकेतिक उदाहरणका रूपमा लिने हो भने मानव विकास सूचकांक ०.५४८ एवं प्रतिव्यक्ति

बाँकी तेश्रो पृष्ठमा⇨

# सार्वजनिक शिक्षा : सबैको मतलब सबै

**मीनबहादुर विष्ट**

देशका सबै बालबालिकाको समान सहभागिता रहेको सबल सार्वजनिक शिक्षा नै लोकतन्त्र, साझा समृद्धि, प्रगति, शान्ति, एकता, सामाजिक ऐक्यबद्धता, समानता र समावेशिताको आधारस्तम्भ हो । यसैले विश्वका सबै मुलुकले सार्वजनिक शिक्षालाई मानव अधिकारका रूपमा अंगीकार गरेका छन् । शिक्षा सार्वजनिक वा साझा 'भलाइ' वा 'हित' को विषय भएकाले शिक्षाको लगानी राज्यको उत्तरदायित्व हो भन्ने कुरा अन्तर्राष्ट्रिय रूपमा स्थापित भइसकेको छ । त्यसैले शिक्षासम्बन्धी सार्वजनिक नीतिको मुख्य उद्देश्य सबैका लागि गुणस्तरीय, समावेशी र समानतामूलक सार्वजनिक शिक्षा प्रणाली निर्माण गर्नु रहेको हुन्छ ।

हालै नेपालका शिक्षामन्त्री रघुजी पन्तले दिएको एउटा सार्वजनिक अभिव्यक्तिले ठूलो बहस खडा गरेको छ । उनले भनेका छन्, 'सार्वजनिक शिक्षा त केवल गरिब, असहाय, विपन्नका लागि हो । सक्षम, सम्पन्न र कमाउने मानिसका बालबालिकाका लागि सार्वजनिक शिक्षा किन चाहिन्छ ? उनीहरूका लागि किन सरकारी वा सामुदायिक विद्यालय चाहिन्छ ?'पहिलो दृष्टिमा यो विचार राज्यसँग 'स्रोत साधन सीमित भएकाले गरिबलाई प्राथमिकता दिनका निमित्त गरिएको' तर्कजस्तो लाग्न सक्छ तर गहिरो रूपमा हेर्दा यो दृष्टिकोण शिक्षा नीतिको मूल मर्म र हाम्रो संविधानको स्पष्ट उद्देश्यसँग प्रत्यक्ष रूपमा विपक्षमा देखिन्छ ।

यो दृष्टिकोण सार्वजनिक शिक्षा प्रणालीलाई 'गरिबका लागि न्यून-गुणस्तरको विकल्प' बनाउने बाटो हो, जसले निजी विद्यालयको विस्तार र शुल्क वृद्धिलाई प्रोत्साहन गर्ने मात्र होइन, शिक्षा प्रणालीमा वर्गीय विभाजनलाई संस्थागत बनाउँछ । यसले नेपालले संविधान र अन्तर्राष्ट्रिय घोषणापत्रमार्फत अँगालेको समावेशी, समाजवादी र लोकतान्त्रिक समाज निर्माणको दृष्टिलाई कमजोर पार्छ । **शिक्षा अधिकार हो, सुविधा होइन** नेपालको संविधानको धारा ३१ (१) मा स्पष्ट उल्लेख छ- 'प्रत्येक नागरिकलाई आधारभूत शिक्षा पाउने अधिकार हुनेछ र यो निःशुल्क हुनेछ ।' यहाँ 'प्रत्येक' शब्दले वर्ग, आय, जात, लिंग, भौगोलिक अवस्था वा अन्य कुनै आधारमा विभेद नगरी सबैलाई शिक्षा उपलब्ध गराउने बाध्यता तोकेको छ । यसैले सार्वजनिक शिक्षा केवल विपन्नका लागि मात्र हो भन्ने कुरा हाम्रो संविधानको भाषासँग असंगत छ । यस दृष्टिकोणलाई संयुक्त राष्ट्रसंघको मानव अधिकारको सार्वभौम घोषणापत्र १९४८ को धारा २६ ले पनि पुष्टि गर्छ, 'शिक्षा - कम्तीमा आधारभूत र प्राथमिक स्तरमा - सबैका लागि निःशुल्क हुनुपर्छ ।' यहाँ पनि आय वा सामाजिक स्थितिअनुसार छुट्टाछुट्टै शिक्षा व्यवस्था गर्नुपर्ने कुरा कतै उल्लेख छैन । दिगो विकास लक्ष्य ४ - जसलाई नेपाललगायत विश्वव्यापी रूपमा अंगीकार गरिएको छ, मा सबैका लागि निःशुल्क र समानतामूलक प्राथमिक तथा माध्यमिक शिक्षा सुनिश्चित गर्नु, गुणस्तरीय बालबालिका प्रारम्भिक विकास तथा व्यावसायिक र उच्च शिक्षामा पहुँच विस्तार गर्नु र विश्वव्यापी रूपमा युवा तथा वयस्कको साक्षरता हासिल गर्नु समावेश छन् । विश्वभरकै प्रचलित मान्यता के हो भने शिक्षा राज्यको जिम्मेवारी हो र राज्यले सबै नागरिकलाई समान अवसरसहित प्रदान गरेको शिक्षा प्राप्त गर्नु नागरिकको मूलभूत अधिकार हो, जसलाई न व्यक्तिगत सम्पत्ति, न त बजारको तर्कद्वारा सीमित गर्न सकिन्छ । **सार्वजनिक शिक्षा : सामाजिक एकताको मेरुदण्ड**

यदि सार्वजनिक शिक्षा केवल विपन्नका लागि सीमित गरियो भने के हुन्छ ? त्यस्तो स्थितिमा सरकारी विद्यालयलाई 'गरिबको विद्यालय' भन्ने ट्याग लाग्छ र सम्पन्न परिवारका बालबालिका मात्र निजी विद्यालयमा पढ्ने अवस्था सिर्जना हुन्छ । यसरी समाज दुई पृथक् शैक्षिक र सांस्कृतिक ध्रुवमा विभाजित हुन्छ– एउटा ध्रुवमा 'विशेषाधिकार प्राप्त' वर्ग र अर्कोमा 'सीमित अवसर' प्राप्त वर्ग । जब शिक्षा नै वर्गीय विभाजनको आधार बन्छ, तब सामाजिक एकता, सहिष्णुता र लोकतान्त्रिक मूल्यहरू क्रमशः कमजोर हुँदै जान्छन् । सार्वजनिक शिक्षा सबैका लागि खुला हुँदा मात्र विद्यालय समाजको साझा सार्वजनिक स्थानका रूपमा रहन्छन्, जहाँ विभिन्न पृष्ठभूमिका बालबालिकाले एउटै कक्षा र खेलमैदानमा साझा अनुभव हासिल गर्न सक्छन् । यस्तै अनुभवले भविष्यमा नागरिकबीचको आपसी समझदारी र समानताको भावना निर्माण गर्छ । सार्वजनिक शिक्षा खण्डित वा कमजोर हुनु भनेको प्रजातन्त्रको पीडा हो ।

**निजीलाई लाभ, सार्वजनिकलाई क्षति**

'सक्षम र स्रोतसाधन भएका मानिसलाई सार्वजनिक विद्यालय चाहिँदैन' भन्ने मन्त्री पन्तको यो भनाइ यसैमा मात्र सीमित छैन । यसले तीनवटा ठूला परिणाम निम्त्याउँछ-पहिलो, निजी विद्यालयको बजार विस्तार : सम्पन्न परिवारलाई सार्वजनिक विद्यालयबाट बाहिर धकेल्दा उनीहरू निजी क्षेत्रको उपभोक्ता बन्नेछन्, जसले निजी विद्यालयलाई शुल्क बढाउन अझै स्वतन्त्रता दिन्छ । दोस्रो, सार्वजनिक विद्यालयमा स्रोतको कमी : सार्वजनिक विद्यालयमा मात्र सीमित आम्दानी भएका परिवारका बालबालिका भए, विद्यालयको स्रोत र जनसहयोग घट्छ । सम्पन्न समुदायको आवाज र दबाब नभएमा गुणस्तर सुधारका लागि राज्यमा दबाब कम हुन्छ । विश्वव्यापी अनुभव नै के हो भने सम्भ्रान्त वर्गले सार्वजनिक सेवालाई एक्लै छोडेर जाने होइन, उसले अरूलाई पनि त्यो सेवाबाट निस्केर जान प्रेरित गर्दछ । सम्पन्न वर्गको बहिर्गमनले सार्वजनिक विद्यालयलाई राजनीतिक रूपले

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## दिल्लीकी मुख्यमन्त्रीलाई हाने थप्पड

*काठमाडौं,०४ भदौ ।*



भारतको राजधानी सहर दिल्लीकी मुख्यमन्त्री रेखा गुप्तामाथि उनको सरकारी आवासमै आक्रमण भएको छ । बुधबार बिहान चलेको जनसुनुवाइका क्रममा उनलाई एकजना पुरूषले आक्रमण गरेका हुन् । समाचार अनुसार उनलाई ती पुरूषले थप्पड हानेका हुन् । दिल्लीस्थित भारतीय जनता पार्टीका अध्यक्ष विरेन्द्र सक्सेनाले भने, 'आरोपीले मुख्यमन्त्रीको हात समातेर तानेका कारण उनी कुनामा ठोक्किइन् । यस क्रममा टाउकोमा चोट लागेको छ । थप्पड हानिएको कुरा गलत हो ।' मुख्यमन्त्री कार्यालयले पनि आक्रमणको पुष्टि गरेको छ । 'आज जनसुनुवाइका क्रममा एक व्यक्तिले मुख्यमन्त्री रेखा गुप्तामाथि आक्रमण गरेका छन् । उनलाई दिल्ली प्रहरीले नियन्त्रणमा लिएर सोधपुछ गरिरहेको छ ।' आरोपीले आफ्नो नाम राजेशभाई खीमजीभाई सकरिया (४१) बताएका छन् । उनी गुजरातको राजकोटका बासिन्दा हुन् । दिल्लीस्थित भाजपा प्रवक्ता प्रविण शंकर कपूरले भने, '३५ वर्षको एक व्यक्ति जनसुनुवाइमा आएको थियो । उनले मुख्यमन्त्रीलाई कागजात दिएका थिए । त्यसपछि केही वादविवाद भयो । उनले आक्रमण प्रयास गरे । यिनी कुनै पार्टीसँग जोडिएका हुन सक्छन्, जुन अहिले निराश छन् ।' दिल्ली कांग्रेस प्रमुख देवेन्द्र यादवले यो घटनालाई दुर्भाग्यपूर्ण भनेका छन् । 'रेखा गुप्ता सम्पूर्ण दिल्लीकी मुख्यमन्त्री हुन् । यस्तो घटनाको जति निन्दा गरे पनि कम हुन्छ । यसले महिलाको सुरक्षा व्यवस्थाको अवस्था उजागर गरेको छ । यदि दिल्लीकी मुख्यमन्त्री नै सुरक्षित छैनन् भने सामान्य पुरुष वा महिला कसरी सुरक्षित हुन सक्छन्?'

**आरोपी रिक्सा चालक, आमाले भनिन्–छोरा पशुप्रेमी** राजेशभाइ खीमजीभाइ सकरिया राजकोटको कोठारिया क्षेत्रमा बसेर रिक्सा चलाउने व्यक्ति हुन् । राजकोट प्रहरी उनको घर पुगेको थियो । त्यहाँ आमाले भनिन्, 'मेरो छोरा पशुप्रेमी हो । दिल्लीमा कुकुर समात्नेबारे सर्वोच्च अदालतको आदेशपछि ऊ दुःखी भएको थियो । त्यसैले ऊ दिल्ली गएको हो ।' रेखा गुप्ता २० फेब्रुअरी २०२५ मा दिल्लीकी मुख्यमन्त्री बनेकी थिइन् । दिल्ली विधानसभा चुनावमा उनले आप नेतृ वन्दना कुमारीलाई २९,५९५ मतले हराएकी थिइन् । रेखा लामो समयदेखि राष्ट्रिय स्वयंसेवक सङ्घ (आरएसएस) सँग जोडिएकी हुन् । उनी दिल्ली भाजपाकी महासचिव र भाजपा महिला मोर्चाकी राष्ट्रिय उपाध्यक्ष समेत थिइन् । घटनापछि दिल्लीका मुख्य सचिव र मन्त्रीहरू मुख्यमन्त्रीको स्वास्थ्य अवस्थाबारे जानकारी लिन मुख्यमन्त्री आवास पुगेका थिए । त्यहीं उनको उपचार भइरहेको छ ।

## जापानको निर्यात संकट गहिरिँदै, गाडी आपूर्ति २८ प्रतिशत घट्यो

*काठमाडौं,०४ भदौ ।*



जापानको वित्त मन्त्रालयले बुधबार सार्वजनिक गरेको तथ्यांक अनुसार, जुलाई महिनामा जापानको अमेरिका तर्फको निर्यात गत वर्षको सोही अवधिको तुलनामा १०.१ प्रतिशतले घटेको छ । यो लगातार चौथो महिना हो जसमा अमेरिका तर्फको निर्यात घटेको देखिएको छ । निर्यातमा आएको यो तीव्र गिरावट मुख्य रूपमा गाडी र गाडीका पार्टपुर्जाको आपूर्तिमा आएको भारी कमीका कारण भएको हो, जुन अमेरिकी सरकारले लगाएको नयाँ आय शुल्कको असर हो । विवरणअनुसार, अमेरिकामा जापानी गाडीको निर्यात २८.४ प्रतिशतले घटेको छ भने पार्टपुर्जाको निर्यात १७.४ प्रतिशतले कमी आएको छ । जापानको कुल निर्यात २.६ प्रतिशतले घटेर ९.३६ ट्रिलियन येन (झन्डै ६.३१ मिलियन अमेरिकी डलर) पुगेको छ, जुन लगातार तेस्रो महिना घटेको हो । उता, आयात पनि ७.५ प्रतिशतले घटेको छ, जुन कच्चा तेल, कोइला र तरल प्राकृतिक ग्याँस (एलएनजी) को मूल्य घटेका साथै बलियो येनका कारण भएको हो । मन्त्रालयले जनाएअनुसार, जापानको व्यापार घाटा जुलाई महिनामा ११७.५ अर्ब येन पुगेको छ, जुन पछिल्लो दुई महिनामा पहिलो पटक घाटामा गएको अवस्था हो ।

## अफगानिस्तानमा भएको सवारी दुर्घटनामा ७३ जनाको मृत्यु

*काठमाडौं,०४ भदौ ।*



अफगानिस्तानमा भएको सडक दुर्घटनामा ७३ जनाको मृत्यु भएको छ । दुर्घटनामा मृत्यु भएकामध्ये १७ बालबालिका रहेका छन् । तालिबानका एक अधिकारीलाई उद्धृत गर्दै बीबीसीले दुर्घटनामा परेका अधिकांश मानिसहरू इरानबाट निष्कासन गरिएका अफगानी प्रवासीहरूलाई लगिँदै गरेको बसमा सवार थिए । तालिबानका सूचना तथा संस्कृति निर्देशक अहमदुल्ला मुत्तकीले काबुल जाँदै गरेको बसमा आगो लागेको बताएका छन् । बसमा सवार सबै यात्रुको मृत्यु भएको र बससँग ठोक्किएका अन्य दुई सवारी साधनमा सवार दुई जनाको पनि मृत्यु भएको छ । पछिल्ला केही महिनायता द्वन्द्वका कारण भागेर आएका अफगानी नागरिकलाई इरानले आफ्नो देशबाट निकाल्ने प्रक्रिया अघि बढाएको छ । सन् १९७० को दशकदेखि लाखौं अफगानी नागरिक इरान र पाकिस्तान भागेका थिए ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार

**महागढीमाई नगरपालिकाको कार्यालय**
**कलैया, बारा**

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।

जगरनाथपुर गाँउपालिकाको कार्यालय, पर्सा

### आकांक्षी मधेशीको सन्ताप...

आय अनुमानित ९३२ डलरजस्ता तथ्यांकले औसत मधेशी सामाजिक र आर्थिक दुवै मापदण्डमा देशभित्र सबभन्दा कमजोर अवस्थामा रहेको देखाउँछ । मधेश प्रदेशमा मात्र नभई पूरै तराई-मधेश क्षेत्रमा जनसंख्या घनत्व धेरै छ । उपलब्ध प्राकृतिक स्रोतहरू सीमित छन् । अधिकांश जनसंख्या सिँचाइ सुविधा नभएको र समयमा पर्याप्त एवं उपयुक्त बीउ, मल तथा विशेषज्ञहरूको सल्लाह उपलब्ध नहुने खेतीपातीमा निर्भर छन् । स्वाभाविक हो, न्यून उत्पादकत्वले औसत किसानलाई गरिबीको दुष्चक्रबाट उम्किन दिँदैन । एकातिर अत्यधिक जनसंख्याले सार्वजनिक क्षेत्रको शिक्षा र स्वास्थ्य सेवाको उपलब्धतामा दबाव सिर्जना गर्छ भने अर्कोतिर व्यापक निर्धनताले गर्दा सामान्यजन नाफा क्षेत्रका व्यवसायीहरूले असुल गर्ने चर्को शुल्क बेहोर्न सक्दैनन् । यस्तो अवस्था चार-पाँच दशकभित्र सिर्जना भएको भने होइन । मधेशीहरूको अन्यकरणको इतिहास नेपाल राज्य गठन भएदेखि नै सुरु भएको हो । साभार ईकान्तिपुर ।

### सार्वजनिक शिक्षा :............

कमजोर बनाउँछ । राजनीतिक रूपले कमजोर हुनु भनेको नीतिगत र स्रोत वितरणको तहमा पहुँच नहुनु हो । यही कारणले गर्दा निजी तहलाई व्यवस्थित र नियमन नगरी गरिबका लागि बलियो सार्वजनिक शिक्षा निर्माण गर्ने नीति लिएका धेरै मुलुकका शिक्षा प्रणाली झन् संकटमा फसेका छन् । तेस्रो, शिक्षामा गुणस्तरको वर्गीय विभाजन : निजी विद्यालय 'गुणस्तरीय' र सार्वजनिक विद्यालय 'न्यूनस्तरीय' को प्रतिमानमा परिणत हुन्छन् । सक्नेहरूले पैसा तिरेर उच्चस्तरको शिक्षा लिए हुन्छ भनेर नीतिगत तहमै उचाल्नु शिक्षाको सार्वजनिक चरित्रमा दाग हो । यो लेखको आशय यो होइन कि परिवारलाई आफ्ना बालबालिकाका लागि विद्यालय छनोटको अधिकार दिइनु हुँदैन र गैरसार्वजनिक क्षेत्रमा विद्यालय सञ्चालन निषेध गरिनुपर्छ । कुनै पनि नीतिको दुई अर्थ हुन्छन्- एउटा स्पष्ट, जुन यसको उद्देश्य र भाषामा प्रत्यक्ष रूपमा देखिन्छ र अर्को अप्रत्यक्ष, जुन यसको भित्री उद्देश्य, पूर्वधारणा वा अनपेक्षित परिणाममा लुकेको हुन्छ । राज्यले केवल अत्यन्त गरिब र असहायलाई मात्र हेरचाह गर्नुपर्छ भनेर 'दयाभाव' देखाउनु भनेको व्यावसायिक र नाफामूलक रूपमा सञ्चालन भइरहेको निजी क्षेत्रलाई खुलेर प्रोत्साहन गर्नु हो । शिक्षा कृपा होइन, अधिकार हो र सार्वजनिक नीतिले त्यो अधिकारको संरक्षण गर्नुपर्छ । **नीति निर्माताबीच समन्वयको कमी** हालका वर्षमा धेरै नगरपालिकाले सार्वजनिक विद्यालय सुधार्न कडा मिहिनेत गरिरहेका छन् । केही स्थानमा त सार्वजनिक क्षेत्रका कर्मचारीलाई आफ्ना छोराछोरीलाई सार्वजनिक विद्यालयमा भर्ना गराउन प्रोत्साहन गरिएको सुनिन्छ । साभार ईकान्तिपुर ।

### बीरगञ्ज महानगरले.........

गरेको पाइए प्रचलित नियम अनुसार कारवाही प्रक्रिया अगाडि बढाइने चेतावनी समेत दिइएको छ ।

### कोल्हबीमा बन्ने जिल्ला.....

आउने यस हाटबजारलाई बारा जिल्लाको नमूना हाटबजारका रूपमा प्रचार गरिने नगरपालिकाको योजना छ ।

### बीरगञ्जमा ब्रह्माकुमारी...

प्रशिक्षक गुनराज भाईजी, गोबर्धन भाईजी, छोटेलाल भाईजी, प्रकाश थारुलगायत उपस्थित थिए ।

### परवानीपुरमा आग.............

छन् । कुल क्षति करिब ३९ लाख २० हजार रुपैयाँ रहेको अनुमान गरिएको छ । फरजना खातुनको स्वामित्वमा रहेको तीनतल्ले पक्की घरको भुईंतल्लामा सञ्चालन भइरहेको उद्योगमा आगो लागेपछि स्थानीय, दमकल र प्रहरीको संयुक्त प्रयासमा करिब एक घण्टामै आगो नियन्त्रणमा आएको छ ।

### आलम सफाइ प्रकरण:.......

प्रमुख सहन्यायाधिवक्ता कोषहरि निरौलाले केही दिनअघि राजीनामा दिएका थिए, तर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले स्वीकृत गरेन । कानुनमन्त्री चौरसियाले निरौलालाई प्रशासकीय अदालतको सदस्य बनाउन दबाब दिएको जानकारी पनि छ । विवादास्पद पृष्ठभूमिका निरौलाले आलम विरुद्धको मुद्दामा सरकारी वकिलको कार्यालयमार्फत हस्तक्षेप गरेको आरोप छ । गत वर्ष दर्ता भएको पुनरावेदन मुद्दामा सरकारी वकिलको कार्यालयले तीन पटक पेशी स्थगित गरेको थियो । महान्यायाधिवक्ता कार्यालयका स्रोतका अनुसार, न्यायाधीश थारूको इजलासमा मुद्दा आउनु अघि सरकारी वकिलको कार्यालयले पेशी स्थगित गरेको थियो । इजलासमा मुद्दा परेपछि मात्रै सुनुवाई अघि बढेको थियो । स्रोतका अनुसार, यही सहजीकरणको कारण सहन्यायाधिवक्ता निरौलालाई प्रशासकीय अदालतमा नियुक्ति गर्न खोजिएको तर रोकिएको थियो ।

### बारामा लागुऔषध.............

भइरहेको प्रहरीले जनाएको छ ।

### बीरगञ्ज महानगर............

अधिकृत अरबन्दिलाल कर्ण स्वयं सहभागी भएका थिए । यो कदमले कर संकलनमा वृद्धि ल्याउनुका साथै नागरिकसँगको प्रत्यक्ष संवादमार्फत कर तिर्ने संस्कार प्रवर्द्धन गर्ने उद्देश्य राखिएको छ ।

### खानेपानी, जलस्रोत.............

उपयोग र जलसङ्कट समाधानमा यस्ता सम्मेलनहरू महत्वपूर्ण मञ्च बन्ने बताए । तकार्यक्रममा नेपाल र विदेशका जल व्यवस्थापन विशेषज्ञ, नेपाल सरकारका विभिन्न निकाय, त्रिभुवन विश्वविद्यालय, गैरसरकारी संस्था तथा सरोकारवाला संस्थाहरूका प्रतिनिधिहरूसहित करिब १५० जना भू-वैज्ञानिक, भूमिगत जल विज्ञ, इन्जिनियर र वातावरण विज्ञ सहभागी थिए ।

# स्वास्थ्य

## एक्लोपन खतरनाक कि फाइदाजनक ?



मानिस सामाजिक प्राणी हो । यसको अर्थ ऊ एक्लै आफ्नो जीवन बिताउन सक्दैन । एक-अर्कासँग घुलमिल हुनु, उनीहरूसँग समय बिताउनु, पार्टी गर्नु र सँगै उत्सव मनाउनु मानवीय गुण हो अनि हाम्रो आवश्यकता पनि । यसको विपरीत, यदि कोही एक्लै बस्छ, सामाजमा घुलमिल हुन खोज्दैन । र, समय बिताउन कोही छैन भने यो एक प्रमुख समस्या मानिन्छ । यस्तोमा मानसिक समस्या हो कि भनेर हेरिन्छ । विश्वकै अभ्यास हेर्ने हो भने एक्लोपनलाई सजायको रूपमा प्रयोग गरिएको छ । प्राय जेलमा गल्ती गर्नेहरूलाई एकान्त कारावासमा राखिन्छ । मानसिक समस्या भएका कतिपयलाई एक्लै राखिन्छ । कसैलाई त साङलोले बाँधेरै राखिन्छ । कयौँ देशमा एक्लोपनलाई रोगको दर्जा दिइदैछ । एक्लोपनसँग जुध्ने मानिसहरूलाई मनोवैज्ञानिक परामर्श दिइदैछ ।

**त्यसोभए, के एक्लोपन साँच्चै त्यति खतरनाक छ ?** एक्लै बस्न मनपराउनेहरू प्राय यसको जवाफ 'होइन' भन्न रुचाउँछन् । उनीहरूलाई पार्टी, कुनै जमघट वा उत्सवमा भाग लिनु पर्यो भने तनाव हुन्छ ।त्यस्ता ठाउँमा जान मन गर्दैनन् । मानिसहरूलाई भेट्नबाट सकेसम्म जोगिन्छन् । प्राय यस्तो समस्या सामाजिक समारोहमा घुलमिल हुने बानी नपरेकालाई हुन्छ । कतिपयको भने स्वभाव नै त्यस्तो हुन्छ । यस्तो बानी छ भन्दैमा जोखिमपूर्ण भनिहाल्न मिल्दैन ।

**एक्लै बस्दा के फाइदा हुन्छ ?** एक्लोपनको फाइदाबारे वकालत गर्ने पनि धेरै छन् । उदाहरणका लागि, भारतीय अभिनेत्री कंगना रनौतले एक अन्तर्वार्तामा भनेकी छिन्, 'एक्लै बस्ने मेरो सबैभन्दा ठूलो रुचि हो । मलाई मानिसहरूको जमघट मन लाग्दैन । मलाई कसैसँग भेट्न पर्यो भने कठिन कार्य लाग्छ ।' अमेरिकी लेखिका एनेली रुफसले 'पार्टी अफ वान: द लोनर्स म्यानिफेस्टो' नामक पुस्तकमा यसबारे लेखेकी छिन् । उनी भन्छिन्– एक्लै बस्नुका फाइदा धेरै छन् । यसरी बस्दा ध्यान केन्द्रित गर्ने समय मिल्छ । आफ्नो सिर्जनशील क्षमता बढ्छ । मानिसहरूलाई भेटेर बेकारको कुराकानी वा झूटा मजाकमा संलग्न हुनुभन्दा एक्लै समय बिताउनु राम्रो हो । यता, ब्रिटिश रोयल कलेज अफ जनरल प्याक्टिसनर्सले एक्लोपन मधुमेहजस्तै खतरनाक रोग भएको बताएको छ । यसले मधुमेहले जत्तिकै मृत्यु निम्त्याउने दावी गरिएको छ । एक्लोपनले हाम्रो सोच्ने र बुझ्ने क्षमतालाई कमजोर बनाउँछ । एक्लो हुनुले हाम्रो मस्तिष्कमा नराम्रो असर पार्छ ।

# युरिया मलको कालोबजार ९ सयको मल ३-३.५ हजारमा किन्न बाध्य



***काठमाडौं,०४ भदौ ।***

रुपन्देहीको मर्चवार क्षेत्रका किसानहरू अहिले युरिया मलको कालोबजारीका कारण पीडित बनेका छन् । मुलुकमा आवश्यक परिमाण पर्याप्त उपलब्ध नहुँदा भारतीय मलमा निर्भर किसानहरूले ९ सय रुपैयाँमा पाइने मल २ हजार ५००-३ हजार ५०० रुपैयाँ तिर्न बाध्य भएका छन् । स्थानीय सहकारीमार्फत पर्याप्त मल नपाएपछि किसानहरूले घरदैलोमा ओसारिएको भारतीय मल खरीद गर्नुपरेको छ । सीमावर्ती क्षेत्रमा रातारात भित्र्याइएको मल केही व्यक्तिले उच्च मूल्यमा स्थानीय बजारमा बिक्री गर्ने गरेको स्थानीय किसानले बताएका छन् । सम्मरीमाई-७ का ७३ वर्षीय नजाबुद्धिन मुसलमानका अनुसार, यसपटक उनी भारतबाट ल्याएको मल ३ हजार ५०० रुपैयाँ प्रति बोरामा खरिद गर्न बाध्य भएका छन् । उनले भने, "पहिले पानी नपरेर समस्या भयो, अहिले मल नपाएर दुःख छ। मल पाए दिन खुसी हुन्छ।" स्थानीय सहकारीमा वितरण अभावले किसानबीच झगडा पनि बढेको छ। श्री महालक्ष्मी स्वावलम्बन बचत तथा ऋण सहकारीका व्यवस्थापक महेश लोधले बताए अनुसार, आवश्यकताभन्दा कम मल उपलब्ध भएकोले किसानहरूले रकम फिर्ता माग्ने, धक्कामुक्की र तनाव बढ्ने स्थिति सिर्जना भएको छ । स्थानीय अगुवा रामविकास चौधरीका अनुसार, पहिले भारतमा मल सस्तो र सजिलै उपलब्ध हुने भएकाले किसान त्यहाँबाट मल ल्याएर अभाव पूर्ति गर्थे । तर, पछिल्लो समय कालोबजारी र मूल्य वृद्धि भएपछि किसानहरू निकै प्रभावित भएका छन् । किसानहरूले भने, "जनतालाई प्रजातन्त्र आएको छैन, तर मल खरीद गर्न भारतीय र स्वदेशी सुरक्षा दुबैबाट कठिनाइ भोग्नुपर्छ ।"

# खानेपानी, जलस्रोत र सिँचाइ क्षेत्रमा दिगो र वैज्ञानिक प्रणाली आवश्यक - मन्त्री यादव

***काठमाडौं,०४ भदौ ।***



खानेपानी, जलस्रोत तथा सिँचाइ क्षेत्रमा दिगो र वैज्ञानिक प्रणाली अपनाउनु वर्तमान समयको आवश्यकता रहेको खानेपानी मन्त्री प्रदीप यादवले बताएका छन्। बुधबार नेपाल हाइड्रोजियोलोजिकल एसोसियसनले आयोजना गरेको प्रथम नेपाल जलभूगर्भ सम्मेलन २०२५ को उद्घाटन कार्यक्रममा मन्त्री यादवले कृषिमा भूमिगत सिँचाइको दिगो प्रयोगका लागि वैज्ञानिक अध्ययन र अनुसन्धान आवश्यक रहेको बताए। उनले भने, "राष्ट्रको समृद्धिका लागि भूमिगत जलको उपयोग, दिगो व्यवस्थापन, प्रदूषण न्यूनिकरण, वातावरणीय संरक्षण र जलवायु परिवर्तनका असरहरू न्यूनिकरणका लागि केन्द्रित छलफल र योजना आवश्यक छ।" मन्त्री यादवले नागरिकको पहिलो आवश्यकता सुगम खानेपानी आपूर्ति भएको र देशको आर्थिक समृद्धिको आधार पनि यही रहेको उल्लेख गर्दै, जलस्रोतको उपयोग, व्यवस्थापन र संरक्षणमा वैज्ञानिक दृष्टिकोण अपनाउनुपर्नेमा जोड दिए। जलवायु परिवर्तन र अनियन्त्रित जनसंख्या वृद्धिका कारण सतही जलस्रोतमा दवाब परिरहेको भन्दै उनले यसको असर भूमिगत जल स्रोतमा तीव्र दोहनको रूपमा देखिएको बताए । तराई मधेसका लाखौं नागरिकको जीवनमा भूमिगत जलको प्रभाव रहेको भए पनि यसको महत्व अझै व्यापक रूपमा बुझिएको छैन उनले बताए । उनले सम्मेलनबाट प्राप्त सुझाव र निष्कर्षहरू संघीय तथा प्रदेश सरकारलाई उपलब्ध गराई खानेपानी अभाव भएका क्षेत्रहरूको दीर्घकालीन समस्या समाधानमा योगदान पुग्ने विश्वास व्यक्त गरे । कार्यक्रममा खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक ईञ्जिनियर रामकुमार श्रेष्ठले तराईमा चापाकल सुकेका कारण नागरिकहरूमा खानेपानीको समस्या बढेको बताउँदै, तत्काल राहतसहित दीर्घकालीन समाधानका लागि योजनाबद्ध काम भइरहेको जानकारी दिए । साथै, तलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक मित्र बरालले भूमिगत जलको संरक्षण, दीर्घकालीन

बाँकी तेश्रो पृष्ठमा⇨

# निलम्बित सांसद शर्माको २९औं पेसी पनि स्थगित

***जनकपुर,०४ भदौ ।***



निलम्बित सांसद अभिराम शर्माको २९औं पेसी उच्च अदालत जनकपुरमा स्थगित भएको छ । बुधवार न्यायाधीश राजुराम सिलवाल र जगदीश घिमिरेको इजलासमा पेशी तोकिए पनि निरन्तर नवौं पटक स्थगित भएको हो ।

यसअघि वैशाख २४ गते आदेश दिइएको थियो, र त्यसयता निरन्तर पेशी स्थगित हुँदै आएको छ । शर्मा सशस्त्र प्रहरीका सहायक निरीक्षक थमन विकको हत्या प्रकरणमा मुद्दामा प्रतिवादी रहेका छन् । जिल्ला अदालत महोत्तरीले उनलाई समेत जन्मकैदको फैसला सुनाएको थियो । त्यस्तै, नेकपा (एमाले) का नेता तथा प्रतिनिधि सभा सांसद लक्ष्मी महतो कोइरी र पवन कापडलाई भने सफाइ दिइएको थियो । यो मुद्दा २०८० वैशाख १ गतेदेखि उच्च अदालतमा विचाराधीन छ । २९ पटक पेशी तोकिएको यस मुद्दामा १७ पटक विभिन्न कारणले स्थगित, ६ पटक आदेश दिइएको र ६ पटक हेर्न नभ्याइने सूचीमा राखिएको देखिन्छ । शर्मा दोस्रो कार्यकालमा प्रदेश सांसद थिए । जिल्ला अदालत महोत्तरीको जन्मकैद फैसला पछि प्रदेशसभाले उनलाई २०८० वैशाख १८ गते निलम्बन गरेको थियो । यस मुद्दामा निलम्बित सांसद शर्मा सहित जलेश्वर नगरपालिकाका पूर्व मेयर रामशंकर मिश्र, सुरेश पाण्डे र धमेन्द्र राय पनि प्रतिवादी छन् ।

उनीहरूमाथि २०७२ भदौ २५ गते दोस्रो मधेस आन्दोलनको क्रममा महोत्तरीमा असई विकलाई एम्बुलेन्सबाट हत्या गरेको आरोप छ ।

# स्वास्थ्यकर्मीमाथि हातपात कारबाही माग्दै अनिश्चितकालीन धर्ना

***जनकपुर,०४ भदौ ।***

धनुषाका बटेश्वर गाउँपालिकाका कर्मचारीहरू अनिश्चिकालीन धर्नामा बसेको छ । कर्मचारीमाथि हातपात तथा दुर्व्यवहार गर्नेलाई कारबाही गर्दै स्वास्थ्यका कर्मचारी धर्ना बसेका हुन् । गत साउन २३ गते बटेश्वर गाउँपालिका-५ शान्तिपुर स्वास्थ्य चौकीमा कार्यरत सुनिता सिंहमाथि स्थानीय दारा सिंह, अली हुसैन र रवि मण्डलले हातपात गरेको आरोप छ । सो घटनापश्चात अंकित सिंह र हुसैनले धम्की पनि दिएका कर्मचारीहरूले जिल्ला प्रशसन कार्यालय धनुषामा बुझाएको ज्ञापनपत्रमा उल्लेख गरिएको छ । सोही घटनामा तीन बुँदे माग राख्दै गाउँपालिकाका सर्म्पूण स्वास्थ्यका कर्मचारी गत सोमबारदेखि अनिश्चितकालीन धर्नामा बसेको शान्तिपुर स्वास्थ्य चौकीका इन्चार्ज राजकुमार महताले जानकारी दिए । कर्मचारीहरूले हातपात गर्नेमाथि कारबाही गर्नुपर्ने, सुरक्षाको ग्यारेन्टी हुनुपर्ने र भयरहित वातावरणमा काम गर्न पाउनु पर्ने उनले माग गरे । उनका अनुसार शान्तिपुर स्वास्थ्य चौकीको मूल ढोकामै रहेको पिपलको बोट सार्ने विषयमा विमति भएको थियो ।

कर्मचारीहरूले पालिकासँग सहमति लिएर उक्त पिपलको बोट सार्न खोज्दा आरोपितहरू आएर हातपात गरेका थिए । कर्मचारीहरूले धनुषाका प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्य र जिल्ला प्रहरी कार्यालय धनुषामा समेत ध्यानाकर्षण गराएका थिए ।


डेंगीबाट कसरी बच्ने ?

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं ।
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल-ढोकामा जाली लगाऔं ।
- सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- कुना-काप्चामा कीटनाशक औषधि छर्कने गरौं ।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्याङ्की, फूलदानी, गमलामा राखिएका प्लेटहरू राम्ररी सफा गरौं ।



जगरनाथपुर गाँउपालिका कार्यपालिकाको कार्यालय
जगरनाथपुर , पर्सा


# जनमत पार्टीले गठन गर्यो "पेशागत कानुन व्यवसाय जनमत संघ"

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०४ भदौ ।***

जनमत पार्टीले कानुन व्यवसायमा आबद्ध व्यक्तिहरूलाई संगठित गर्दै 'पेशागत कानुन व्यवसाय जनमत संघ'को १२ सदस्यीय तदर्थ समिति गठन गरेको छ । समितिको संयोजकमा अधिवक्ता उपेन्द्र कुमार साह, सह-संयोजकमा रन्जित कुमार साह, सचिवमा रामछबिला यादव, सह-सचिवमा राहुल कुमार रजक र कोषाध्यक्षमा पिटर जङ्ग कुवर रहेका छन् । अन्य सदस्यहरूमा हरि प्रसाद साह, घुरण साह, गौरीशंकर महतो, दिब्या सिंह, लक्ष्मी ठाकुर, काजल चौधरी र सुरेश सुनार रहेका छन् । समितिको पहिलो बैठकमा तीनवटा मुख्य निर्णय गरिएको छ । पहिलो, केन्द्रीय तदर्थ समिति गठन, दोस्रो, केन्द्रीय विधान मस्यौदा समिति गठन, र तेस्रो, देशभरि जिल्ला कमिटीहरू विस्तार गर्ने निर्णय । यी निर्णयले जनमत पार्टीले कानुन व्यवसाय क्षेत्रमा पनि आफ्नो संगठन विस्तार गर्दै प्रभाव जमाउने तयारी गरेको देखाउँछ ।

# बीरगन्ज महानगरको राजस्व संकलन दोब्बरले बढ्यो

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०४ भदौ ।***

बीरगन्ज महानगरपालिकाको चालू आर्थिक वर्ष २०८२/८३ को पहिलो महिनामा राजस्व संकलन गत वर्षको तुलनामा दोब्बरले बढेको छ। साउन महिनामा महानगरपालिकाले ११ करोड ३५ लाख २८ हजार ५९७ रुपैयाँ राजस्व संकलन गरेको छ, जुन गत आर्थिक वर्षको साउन महिनाको ५ करोड २१ हजार ८०० रुपैयाँको संकलनको भन्दा दोब्बरभन्दा बढी हो । राजस्व महाशाखाका प्रमुख मनोज कर्णका अनुसार, यो संकलनले चालू आर्थिक वर्षको सुरुवात सन्तोषजनक भएको देखाउँछ । गत वर्ष कुल ६३ करोड ५० लाख रुपैयाँ राजस्व संकलन भएको थियो । महानगरपालिकाले सम्पत्ति, व्यवसाय, घरजग्गा लगायतका कर तिर्न करदातालाई प्रोत्साहित गर्न घरदैलो अभियान पनि सञ्चालन गरेको थियो । उक्त अभियानमा मेयर राजेशमान सिंह र प्रमुख प्रशासकीय

बाँकी तेश्रो पृष्ठमा⇨


**नेपाल पोष्ट डेली ई -पेपरका लागि स्क्यान गर्नुहोस्**

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
प्रसौनी गाँउपालिकाको कार्यालय,प्रसौनी,बारा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
पकहाँमैनपुर गाँउपालिकाको कार्यालय, पकहाँमैनपुर,पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
करैयामाई गाँउपालिकाको कार्यालय,बारा